मन्त्रालयमा हाजिरी गर्दै फर्किदै गर्छन् राजदूत !

■ आर्थिक संवाददाता
काठमाडौं, मसिर २

सरकारले परराष्ट्र मन्त्रालयमा कामकाज गर्नेगरी फिर्ता बोलाएका राजदूतहरु हाल हाजिरी गरेर घर फर्किने गरेका छन् । सरकारले गत कात्तिक १७ गते ११ देशका नेपाली राजदूतहरूलाई मन्त्रालयमा हाजिर हुन पत्राचार गरेको थियो ।

फिर्ता बोलाइएका राजदूतहरूले कार्तिक २० गतेदेखि परराष्ट्र मन्त्रालयमा हाजिर गर्ने र फर्किने गरेका छन् । फिर्ता बोलाइएका राजदूतमध्ये चार जनाले भने राजिनामा दिएका छन् । सरकार मन्त्रालयमा नै कामकाज गर्नेगरी फिर्ता बोलाउन पत्राचार गरेपछि सोहीअनुसार नेपाल आएका राजदूतहरूलाई हाजिर गर्ने व्यवस्था मिलाइएको प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिए । राजिनामा दिएकाहरूको भने राजिनामा स्वीकृत भइसकेको छ । बाँकी राजदूतहरूले भने आफ्नो दैनिकी हाजिर गरेर घर फर्कने गरेका छन् । सर्वोच्च अदालतको निर्णयको पर्खाइमा रहेको राजदूतहरूको भनाइ छ । गत असोज ३० गते बसेको मन्त्रिपरिषद् बैठकले राजनीतिक नियुक्ति लिएका ११ राजदूतहरूलाई फिर्ता बोलाउने निर्णय गरेको थियो । सरकारको उक्त निर्णय कानुनसम्मत नभएको भन्दै सर्वोच्च अदालतमा रिट परेको थियो । उक्त मुद्दाको प्रारम्भिक सुनुवाइपछि सर्वोच्च अदालतले निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको थियो । सर्वोच्च अदालतको आदेशपछि सरकारले पत्र पठाउँदै उनीहरूलाई मन्त्रालयमा काजमा बोलाएको थियो ।

सरकारले काजमा बोलाएका राजदूतहरूमा राजदूतहरूमा चन्द्रकुमार घिमिरे (संयुक्त अधिराज्य बेलायत), लोकदर्शन रेग्मी (संयुक्त राज्य अमेरिका) र दुर्गाबहादुर सुवेदी (जापान) कृष्णप्रसाद ओली (चीन), शैल स्याखेती (जर्मनी), धनप्रसाद पण्डित (इजरायल), नेत्रप्रसाद तिमिल्सिना (मलेसिया), रमेशचन्द्र पौडेल (कतार), जङ्गबहादुर चौहान (रूस), नरेशविक्रम ढकाल (साउदी अरब), सनिल नेपाल (स्पेन) रहेका छन् । उनीहरूमध्ये घिमिरे, रेग्मी, ओली र पौडेलले राजिनामा दिएका छन् ।

भालु नियन्त्रण गर्न टोली खटाइने

■ सुवास बस्नेत
दोलखा, मसिर २

पछिल्लो केही दिनदेखि दोलखाको वैतेश्वर गाउँपालिका र जिरी नगरपालिकामा जंगली जनावर भालु आतंकसँगै आक्रमण बढेपछि जिल्ला प्रशासन कार्यालय दोलखाले सुरक्षाकर्मी सहित नियन्त्रण टोली खटाउने भएको छ ।

मंगलबार भएको सर्वपक्षीय छलफलले भालु आतंक तथा जोखिम क्षेत्रमा गएर भालु बस्ने स्थलको स्थलगत अध्ययन अनुगमन गरि नियन्त्रणको प्रयास गरिने निर्णय गरेको हो । छलफलमा वैतेश्वर गाउँपालिका अध्यक्ष छवि लामा, प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिमाल, जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी प्रमुख ज्ञानकुमार महतो, डिभिजन बन कार्यालय दोलखाका प्रमुख अनिल रेग्मी, वैतेश्वर-३ का वडा अध्यक्ष कमल अधिकारी सहभागी थिए । संयुक्त छलफलले सुरक्षाकर्मी, वन अधिकृत र स्थानीयतहका जनप्रतिनिधिको टोलीले स्थलगत अनुगमन गर्ने डिभिजन बन कार्यालयका प्रमुख अनिल रेग्मीले बताए । भालु हिड्ने बाटो र जोखिम क्षेत्रमा क्यामेरा राख्ने समेत छलफलले निर्णय गरेको छ । जिरी नगरपालिका र वैतेश्वर गाउँपालिकामा दिनहुँ भालु भेटिन थालेपछि स्थानीय त्रसित बनेका हुन् । अघिल्लो महिना भालुको आक्रमणबाट वैतेश्वर गाउँपालिका-३ ठाडेमा एक जना पुरूषको मृत्यु भएको थियो । सोही अवधिमा वैतेश्वर मिर्गेसँगै सिमाना जोडिएको जिरी निगालेमा चार जना भालुको आक्रमणमा परेर घाइते हुन पुगेका थिए ।

गत वर्षहरूमा जिल्लाको गौरीशंकर गाउँपालिकाको माथिल्लो लेक क्षेत्रमा फाट्टफुट्ट देखिने जंगली जनावर भालु हाल बैंसी झरेका हुन् । स्थानीयलाई आक्रमण गर्दै बालीनाली समेत क्षति गर्ने गरेको स्थानीय पुष्कर कुमार दाहालले बताए । दाहालले आइतबार बिहान स्थानीय पातलेको ओडारे खोलामा बच्चा सहितको भालु देखेपछि गाउँमा त्रास बढेको जानकारी दिए । पहाडी तथा लेकमा पाइने भालु तराई र हिमालमा पाइने भन्दा बढी हिंस्रक र ठूलो हुन्छ । शारीरिक बनावट ठूलो हुने भएकाले यस क्षेत्रमा पाइने भालुलाई बढी आहार तथा चरण चाहिने गर्छ । उक्त भालु लेक वेशी डुल्ने गर्छ । सोही अनुसार चरण चारो र आहारको खोजीमा औलका वन जङ्गल झरेको सब डिभिजन वन कार्यालय जिरीका बन रेन्जर प्रमोद कुमार आग्रीले बताए । लेकमा भालुले प्राप्त आहार भोजन नपुगेको कारण आहारको खोजीमा तल्लो क्षेत्रमा भालु देखिन थालेको उनले बताए ।

जथाभावी औषधि सेवन नगर्न आग्रह

■ आर्थिक संवाददाता
काठमाडौं, मसिर २

स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा गौतमले जथाभावी औषधिको सेवन नगर्न आग्रह गरेकी छिन् । विश्व प्रतिजैविक प्रतिरोध अर्थात् एन्टिमाइक्रोबियल रेसिस्टेन्स सचेतना सप्ताहको अवसरमा मंगलबार भिडियो सन्देश जारी गर्दै उनले अनावश्यक जथाभावी औषधि, एन्टिबायोटिक औषधि र एन्टिमाइक्रोबियल औषधि सेवन नगर्न आग्रह गरेकी हुन् ।

एन्टिबायोटिक र अन्य एन्टिमाइक्रोबियल्स औषधिको जथाभावी प्रयोगले एन्टिबायोटिक रेसिस्टेन्स भन्ने अवस्था सिर्जना हुने उल्लेख गर्दै उनले चिकित्सकले लेखेको औषधि पूर्ण डोजमा र आवश्यक मात्रामा मात्रै खान आग्रह गरेकी छिन् । मन्त्री डा. गौतमले उपचारका क्रममा सामान्य औषधिले नछोएर एन्टिबायोटिक र अन्य एन्टिमाइक्रोबियल्स औषधिको प्रयोगले अलि हाम्रो बिमारी नै पनि निको नभएर गम्भीर स्वास्थ्यमा असर पर्ने अवस्थासम्म पुर्याउने गरेको बताईन् । 'हामीलाई सामान्य औषधिले नछोएर, अलि हाम्रो बिमारी नै पनि निको नभएर गम्भीर स्वास्थ्यमा असर पर्ने अवस्थासम्म हामी पुग्न सक्छौं । त्यसैले हामीले जँचाएर आवश्यक मात्रामा र आवश्यक औषधि मात्रै प्रयोग गर्नुपर्छ,' उनले भनेकी छन् । जथाभावी एन्टिबायोटिक औषधि किनेर खाने गर्नाले, खाद्य सामग्रीमा मिसाएर खानाले र पशुपन्छीको आहारका रूपमा खुवाउँदा पनि एन्टिबायोटिक रेसिस्टेन्स हुन सक्ने उनको भनाइ छ । सबैको सहभागितामा मुलुकबाट प्रतिजैविक प्रतिरोध (एन्टिमाइक्रोबियल रेसिस्टेन्स) हुने औषधिका रेसिस्टेन्स कम गर्नलाई सक्रिय भूमिका खेल्न उनले आग्रह गरेकी छिन् ।

यस्तै स्वास्थ्य सचिव डा विकास देवकोटाले विवेकपूर्ण तरिकाले औषधि प्रयोगको गर्नुपर्ने बताए । उनले प्रतिजैविक प्रतिरोध स्वास्थ्य उपचारमा एक जटिल समस्या बन्दै आइरहेकाले यसलाई समयमै सम्बोधन गर्न सकेनौं भने भोलि स्वास्थ्य प्रणालीले नराम्रो हार क्षति व्यहोर्नुपर्ने हुनसक्ने बताए । उनले एन्टिमाइक्रोबियल रेसिस्टेन्स चुनौतीको सामना गर्न एन्टिमाइक्रोबियल स्टिवार्डसिप अस्पताल स्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । 'हामीले स्वास्थ्य संस्थाहरूमा औषधि प्रयोगको निगरानी, डेटा/तथ्यांक अभिलेख र चिकित्सकहरूको क्षमता विकासलाई प्राथमिकता दिएका छौं,' उनले भने, 'एन्टिमाइक्रोबियल स्टिवर्डसिप कार्यक्रम केवल नीति नभई, व्यवहार परिवर्तनको यात्रा हो जसमा स्वास्थ्यकर्मीहरूको सक्रिय सहभागिता अत्यावश्यक छ ।'

मन्त्रालयले औषधिको प्याकेटमा रातो धर्का दिएका औषधि स्वास्थ्यकर्मीको प्रेस्क्रिप्सन विना सेवन गर्न/नगर्न आग्रह गरेको छ । 'प्रतिजैविक प्रतिरोध रोकथाममा आजैबाट जुटौं, हाम्रो वर्तमान जोगाऔं, भविष्य सुरक्षित पारौं' नाराका साथ विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह मंगलबारदेखी देशव्यापी रूपमा मनाइँदैछ । सप्ताह मङ्सिर ८ गतेसम्म सञ्चालन हुनेछ ।

शान्ति सुरक्षामा असरपर्ने कुनै अभिव्यक्ति र गतिविधि नगर्न आग्रह

काठमाडौं, मंसिर २ । राष्ट्रिय मानव अधिकार आयोगले देशको शान्ति सुरक्षामा असरपर्ने खालका अभिव्यक्ति र गतिविधि नगर्न सरकार, राजनीतिक दल, अभियन्ता र आमनागरिकलाई आग्रह गरेको छ ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले मंगलबार प्रेस विज्ञप्ति जारी गरी अभिव्यक्ति स्वतन्त्रता र शान्ति सुरक्षाको सवालमा गम्भीर हुन सबैलाई आग्रह गरेका हुन् । 'कोही कसैलाई पनि विचार र अभिव्यक्तिको कारणले मात्र पक्राउ गर्ने कार्यबाट मानव अधिकारको सम्मान र संरक्षण नहुने भएकाले त्यसतर्फ गम्भीर हुन आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ' विज्ञप्तिमा भनिएको छ, 'देशको शान्ति सुरक्षामा असरपर्ने खालका अभिव्यक्ति र गतिविधि नगर्न आयोग राजनीतिक दल, अभियन्ता र आमनागरिकलाई आग्रह गर्दछ ।'

अभियन्ता दुर्गा प्रसाईलाई पक्राउ गरिएको घटनाको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गरेको र मंगलबार नै आयोगको टोलीले जिल्ला प्रहरी परिसर भद्रकाली, काठमाडौं पुगी दुर्गा प्रसाई र सम्बन्धित प्रहरी अधिकारीहरूसँग भेट गरी जानकारी लिएको बताइएको छ । आयोगले प्रसाईलाई सोमबार राती उनको निवास सानो ठिमी, भक्तपुरबाट पक्राउ गरी जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा राखिएको, प्रहरी प्रतिवेदनअनुसार सार्वजनिक शान्तिसुरक्षा विरूद्धको अनुसन्धानका लागि पक्राउ गरिएको भनी निजलाई पक्राउ तथा थुनुवा पूर्जी दिइएको र निजको स्वास्थ्य अवस्था सामान्य रहेको आयोगलाई जानकारी प्राप्त भएको जनाएको छ ।

महिला हिंसा अन्त्य गरौं ।

- महिला हिंसा जहासुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
- महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
- कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
- हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
- कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
- घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
- महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं ।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं

नेपाल सरकार
विज्ञापन बोर्ड

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन चन्द्रनिगाहपुर
रौतहट

ठेक्का किन नतोड्ने सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति :२०८२/०८/०३

यस डिभिजन अन्तर्गत तपसिलमा उल्लेखित ठेक्का तथा योजनाहरूको पटक पटक म्याद थप भई तोकिएको अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै निर्माण व्यवसायीबाट चासो नदेखाई निर्माण कार्य अधुरो तथा अलपत्र पारी बिगत लामो समय देखि कार्यस्थलमा निर्माण व्यवसायी भौतिक रूपमा उपस्थित विहिन रहेको साथै यस डिभिजनबाट विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा निर्माण कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउदा समेत निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाइएकोले सूचना प्रकाशन मितिले १५ दिन भित्र कार्य सम्पन्न गर्न सक्ने संसोधित कार्यतालिका, स्रोत साधन परिचालनको भरपर्दो योजना, कार्य सम्पन्न गर्ने प्रतिबद्धता र ठेक्का नतोड्ने कुनै मनासिब कारण भए सत्यतथ्य प्रमाण राखी स्पष्टिकरण सहित आधिकारिक व्यक्ति यस कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ।उपरोक्त अवधिमा कार्य शुरू गर्ने तदारूकता नदेखाएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ र ठेक्का सम्झौताको तालिकामा उल्लेखित GCC Clause मा प्रावधान भए बमोजिम ठेक्का सम्झौता अन्त्य गरि कालोसूचीमा राख्ने तथा नियमानुसार कार्य सम्पादन जमानत, धरौटी वापतको रकम, पेश्की जमानत जफत र पेश्की रकमको १०% व्याज असुल गर्नुको साथै बाँकी कार्य गर्न लाग्ने खर्च सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कारवाही अघि बढाइने समेत जानकारी गराइन्छ ।

तपसिल :

सि. नं.	ठेक्का नं.	निर्माण व्यवसायीको नाम	कार्यको नाम	खरिद सम्झौताको GCC Clause No.
1	RDCNP/3370 1122-2078/79-03	विकास एण्ड ब्रदर्श/सुहानी जे.भी., जनकपुर, धनुषा	Construction of RCC Bridge over Banke Khola Bridge (2x20m) along Jingarwa-Parsa Ga.Pa.-4 Road, Sarlahi	GCC Clause No. 72.1 (a), (b) र (c)
2	DROCNP/3371 57-4-074/75-30	हिराचन/अन्जना जे.भी., काठमाडौं	Construction of Prestresses RCC Bridge over Soram River along Bagdaha Jaypur Road, Sarlahi	GCC Clause No. 57.2 (a), (b) र (c)
3	RDCNP/337011 76-079/80-43	माँ बौधी कन्स्ट्रक्सन, कटहरिया-२, रौतहट	Construction of Drain Works along Dhansar Katahariya Karkach Sadak Rautahat, at Jungalsahiya and Gonahi section	GCC Clause No. 72.1 (a), (b) र (c)
4	RDCNP/337011 22-079/80-44	गढिमाई रिया कन्स्ट्रक्सन, कटहरिया-२, रौतहट	Road Improvement Works along Lalbandi Na. Pa. 3 Jabdi ra Isworpur Jodne Jhim khola ko Uttarpati Raheko Dora Kholsa ma Culvert Nirman, Sarlahi.	GCC Clause No. 72.1 (a), (b) र (c)
5	RDCNP/337011 36-079/80-45	माँ बौधी कन्स्ट्रक्सन, कटहरिया-२, रौतहट	Road Improvement Works along MRM of Banke Dhansar Section, Sarlahi & Rautahat	GCC Clause No. 11.1 (a), (b) र (c)
6	RDCNP/337011 22-078/79-15	एन.एन.एस.के. कन्स्ट्रक्सन प्रा.ली., बानेश्वर, काठमाडौं	Construction of Double Cell RC Box Culvert Works on Balara Kharahiya Tole Sadak, Sarlahi	GCC Clause No. 72.1 (a), (b) र (c)

डिभिजन प्रमुख

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, ईटहरी
सडक डिभिजन दमक

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२-०८-०३

यस डिभिजनबाट मिति २०८२-०५-०९ को आर्थिक दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना नं. ४-२०८२/८३ अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल ठेक्काहरूमा उल्लेखित बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्यांकित र सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको नाम, ठेगाना	कवोल रकम (पि.एस. र भ्याट सहित), रू.
1.	RD-DMK/3370 1169-4/2082/83-21	M/s Pyramid Construction , Shivasatakshi-06,Jhapa	1,01,33,123.91
2.	RD-DMK/3370 1169-4/2082/83-22	M/s Malaya-Saugat J.V.,Janakpur,Dhanusha	1,35,89,825.92

आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रह्लाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, e-mail : aarthik .dainik@gmail .com । सम्पादक : रामप्रसाद पुडासैनी